## श्री डाँफे सामुदायिक वन उपभोक्ता समूह,

सुनवल ४, नवलपरासी

**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रि सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति : २०८३।०४।१३**

श्री **डाँफे** सामुदायिक वन उपभोक्ता समूह सुनवल -४, न पू (ब सु प) को वनबाट आ व २०८१।०८२ र २०८२।०८३ मा उत्पादन भई **समुहको** घाटगद्दीमालट नं. १कायम भएको निम्न परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावार कारोबारका लागि सूचिकृत फर्म वा कम्पनिले यो सूचना **मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा** प्रथम पटक प्रकाशित भएको मितिले **२१ (एक्काइस)** दिन भित्र बोलपत्र फाराम खरिद गरी **२२ (बाइस) औं** दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | मुल्याङ्कन (रु) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | इकाइ | परिमाण ( क्यू.फि.) | न्यूनतम | संकलन खर्च | |
| १ | साल | ए | ५ | क्यू.फी. | ८६.८३ | १०८५३७.५ | प्रति क्यु.फि रु १४५।- | जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएकोकाठ र आ व २०८२।०८३ को पुनरुत्पादन कटान धांग नं. को काठ तथा दाउरा |
| | | वी | २१ | क्यू.फी. | ३०६.०१ | २७५४०९.० | | |
| | | सी | ५० | क्यू.फी. | २४५.४३ | १४७२५८.० | | |
| | | डी | ३० | क्यू.फी. | ९९.७८ | २९९३४.० | | |
| | | जम्मा | १०६ | | ७३८.०५ | ५६११३८.५ | | |
| | अन्य दाउरा | चट्टा | ६ | चट्टा | ६ | २४००० | प्रति चट्टा रु १२,०००। | |
| | | | | | ६ | २४००० | | |
| | | जम्मा | ६ | | | ५८५१३८.५ | | |
| | जम्मा | | | | | | | |

२) बोलपत्र खरिद दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

खरिद गर्ने : क) अन्तिम मिति : २०८३।०५।०२ (ख) समय : बेलुका ४ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३।०५।०३ ख) समय : दिउसो २ बजे सम्म

३) बोलपत्र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासीबाट खरिद र दाखिला गर्न सकिनेछ ।

४) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र आव्हान गरेको यस सामुदायिक वनको नाममा **राष्ट्रिय बाणिज्य बैक लि., सुनवलमा रहेको खाता नं. ३४१०१०००००१५२००१** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

६) बोलपत्र फारम प्रति लट नं. १ को रु. १०००।- (एक हजार मात्र)पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

७) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस तोकिएको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

८) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, सुची दर्ता र अद्यावधिक प्रमाणपत्र प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

९) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०५।०४ गते दिनको १:०० बजे साक्षीहरूको रोहवरमा खोलिने छ ।

१०) लिलाम स्विकृत भएको **जानकारी प्राप्त भएको ४५ (पैंतालिस)** दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन **खर्च छुट्टै** बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

११) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१२) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१३) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ ।

१४) बोलपत्र जहाँबाट खरिद गरेको हो सोही कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१५) बोलपत्र सदर वा बदर गर्ने अधिकार समुहमा निहित रहनेछ ।